# परिवर्तन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पुतलाचौर, रोल्पा
# लुम्बिनी प्रदेश

## परिवर्तन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना
## (२०८०/८१-२०८२/८३)
## अन्तिम प्रतिवेदन



**Revenue Improvement Action Plan (RIAP)**
**Paribartan Rural Municipality, Putlachaur, Rolpa**

मिति: २०७९


आर्थिक तथा प्राविधिक सहयोग :

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
प्रदेश शुसाशन केन्द्र, नेपालगंज

कन्सल्टेन्ट :

एरागोन मेक्हाईडल एण्ड मल्टि सर्भिस प्रा. लि.
गोदावरी नगरपालिका-१२, ललितपुर

# धन्यवाद ज्ञापन

यस परिवर्तन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना गाउँपालिका र प्रदेश सुशासन केन्द्र, लुम्बिनीको सहकार्यमा तयार पारिएको हो । गाउँपालिकालाई आर्थिक हिसाबले सवल बनाउने उद्देश्यका साथ परिवर्तन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार भएको छ ।आवधिक योजना, वार्षिक योजनाहरू,आर्थिक ऐन, गाउँपालिकाको विगतको यथार्थ आम्दानी र खर्च, आन्तरिक राजस्व अभिबृद्धि गर्न सकिने क्षेत्र पहिचान गरि अन्य सम्बन्धित विवरणहरूलाई सुक्ष्म रुपमा विश्लेषण गरिएको छ। विज्ञहरूबाट गरिएको स्थलगत अवलोकन, अन्तरक्रियाका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी दिग्दर्शन, २०७६ लाई मुख्य आधार मानेर आगामी तीन वर्षको राजस्व प्रक्षेपण गरी यो राजस्व सुधार कार्ययोजना तयार गरिएको छ ।

स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणमा मूख्य भूमिका निर्वाह गर्नुहुने यस गाउँपालिकाको उपाध्यक्ष श्री कलादेवी खत्रेनीको उच्च योगदानको कदर गर्दछु ।साथै, यस पालिकाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरुले प्रदान गर्नु भएको सुझाव र सहयोगको सराहना गर्दछु ।

यो कार्ययोजना निर्माणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री प्रेम जि.एम. तथा कर्मचारी वर्गहरुमा धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा यस सुधार कार्ययोजना कार्यन्वयनको लागि सम्वद्ध सवै सरोकारवालाहरुको रचनात्मक एवं सकारात्मक सहयोग निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु ।

अध्यक्ष

सुक बहादुर वुढा मगर

परिवर्तन गाउँपालिकाका

# कृतज्ञता

संविधानतःस्थानीय तह भनेको स्थानीय सरकार हो र स्थानीय सेवा प्रवाहका सन्दर्भमा स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गरिरहेका छन्। संघीय सरकार र प्रदेश सरकारले दिने विभिन्न अनुदानहरू, राजस्व बाँडफाँड, रोयल्टीहरु र आन्तरिक श्रोतहरूबाट आउने आम्दानीहरूको आधारमा नै स्थानीय तहहरूले वार्षिक तथा आवधिक योजनाहरू तयार गरी सोही अनुरुप नै कार्यान्वयन हुँदै आइरहेको छ। नेपालको संविधानको धारा ५९ मा उल्लेख भए अनुसार संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार सम्बन्धी कानुन बनाउने, वार्षिक बजेट बनाउने, आर्थिक विषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। संविधान प्रदत्त र उपलब्ध राजस्वका स्रोतहरूको अधिकतम प्रयोग, नयाँ र सम्भावित स्रोतहरूको पहिचान र करदाताको दायरालाई फराकिलो बनाउँदै गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योजनाबद्ध कदमहरू चालेर गाउँपालिकालाई आर्थिक हिसाबले सवल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यो परिवर्तन गाउँपालिकाको राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan–RIAP) तयर पारिएको हो। यसका साथै अन्य शीर्षकहरूमा समेत पालिकाबाट प्रात तथ्याङ्कहरू खास गरेर आवधिक योजना,वार्षिक योजनाहरू,आर्थिक ऐन लगायतका अन्य सम्बन्धित विवरणहरूलाई सुक्ष्म रुपमा विश्लेषण  गरिएको छ। विज्ञहरूबाट गरिएको स्थलगत अवलोकन,अन्तरक्रियाका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी दिग्दर्शन, २०७६ लाई मुख्य आधार मानेर यो प्रतिवेदन तयार गरिएको  छ ।

यस कार्ययोजना तयार पार्न एरागोन मेक्हाईडल एण्ड मल्टि सर्भिस प्रा. लि. ललितपुर लाई जिम्मेवारी दिनु हुने **परिवर्तन गाउँपालिकाका** अध्यक्ष **श्री सुक बहादुर वुढा मगर**, उपाध्यक्ष **श्री कलादेवी खत्रेनी**, प्रमुख प्रशासकीय अधिकृत **श्री प्रेम जि.एम.** तथा गाउँपालिकाका कार्यालय परिवार प्रति हामी कृतज्ञता व्यक्त गर्दछौं। राजस्व सुधार कार्ययोजना निर्माणको विभिन्न चरणहरूमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुर्याउनु हुने परिवर्तन गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरू तथा कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्दै पदाधिकारीहरूबाट यस राजस्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयनको समेत अपेक्षा गरेका छौं ।

Aragon Mechydel &
Multi Service Pvt. Ltd.

…………………
सितल थापा मगर
प्रबन्ध निर्देशक
एरागोन मेक्हाईडल एण्ड मल्टि सर्भिस प्रा. लि.
गोदावरी नगरपालिका— १२, ललितपुर

# विषय सूचीहरू


**तालिकाहरू ........ ३**

**परिच्छेद — एकः परिचय ........ ४**

**१.१ पृष्ठभूमि ........ ४**
**१.२ औचित्य ........ ५**
**१.३ अध्ययनको उद्देश्य ........ ५**
**१.४ योजना तर्जुमा विधि र प्रक्रिया ........ ५**
१.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........ ६
१.४.२ तथ्याङ्क एवम् सूचना सङ्कलन ........ ६
१.४.३ छलफल एवम् कार्यशाला आयोजना ........ ६
१.४.४ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी ........ ७
**१.५ अध्ययनको सीमाहरू ........ ७**

**परिच्छेद — दुईः गाउँपालिकाको परिचय ........ ८**

**२.१ भौगोलिक अवस्थिति ........ ८**
**२.२ जनसंख्याको विवरण ........ ८**
**२.३ आर्थिक अवस्था ........ ९**
**२.४ सामाजिक अवस्था ........ ९**
**२.५ गाउँपालिकाको मानवीय संसाधनको अवस्था ........ १०**
**२.६ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था ........ ११**

**परिच्छेद — तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १३**

**३.१ राजस्व अधिकार सम्बन्धि कानुनी व्यवस्था ........ १३**
**३.२ स्थानीय सरकारको राजस्व अधिकार ........ १४**
३.२.१ राजस्व अधिकार सम्बन्धी संघीय ऐनका व्यवस्था ........ १४
**३.३ आन्तरिक आय स्रोतका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २०**
३.३.१ सम्पत्ति कर ........ २०
३.३.२ मालपोत वा भूमि कर ........ २२
३.३.३ घर वहाल कर ........ २३
३.३.४ व्यवसाय करः ........ २४
३.३.५ जडीबुटी, कवाडी, जीवजन्तु कर ........ २५
३.३.६ विज्ञापन कर ........ २६
३.३.७ बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री) ........ २७
३.३.८ नक्सा पास दस्तुर ........ २८

३.३.९ न्यायिक दण्ड जरिवना र जफतः........................................................ २९
३.३.१० नाता प्रमाणित दस्तुर........................................................ २९
३.३.११ सिफारिस दस्तुर,........................................................ ३०
३.३.१२ घटना दर्ता दस्तुर........................................................ ३०
३.३.१३ सामुदायिक वनबाट प्राप्त रकम........................................................ ३०
३.३.१४ अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)........................................................ ३२
३.३.१५ अन्य विविध आय........................................................ ३२

**परिच्छेद — चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ...................... ३३**

४.१ राजस्व परिचालन सम्बन्धी नीति........................................................ ३३
४.२ गाउँपालिकाको राजस्व प्रशासन इकाईको कार्य जिम्मेवारी ........................................ ३३
४.३ गाउँपालिकाको आ.ब.२०७९/८० मा राजस्व सम्बन्धि नीतिहरू........................................ ३४
४.४ गाउँपालिकाको विगतको राजस्व संकलनको अवस्था........................................ ३४
४.५ आय संकलनको संस्थागत क्षमता........................................................ ३५
४.६ राजस्व परिचालनमा रहेका सवालहरू........................................................ ३६

**परिच्छेद — पाँचः राजस्व सुधार कार्ययोजना ........................................................ ३८**

५.१ कर तथा गैरकर राजस्व सुधार योजना........................................................ ३८
५.२ नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना ........................................ ४२

**परिच्छेद — छः आगामी तीन वर्षको आय प्रक्षेपण........................................................ ४५**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण........................................ ४५
६.२ गाँउपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण........................................ ४८
६.३ अपेक्षित नतिजा........................................................ ५०

**परिच्छेद — सातः कार्ययोजनाको अनुगमन र मुल्यांकन........................................ ५३**

**अनुसुची — १ः सन्दर्भ सामग्रीहरू........................................................ ५५**

**अनुसूची — २ः तथ्याङ्क सङ्कलन औजारहरू वा फारामहरू........................................ ५६**

**अनुसुची — ३ः कार्यशाला तथा छलफल गोष्ठीका तस्विरहरू र उपस्थितिहरू.................. ६५**

## तालिकाहरू


तालिका १: जनसंख्या तथा घरधुरी विवरण ........ ९
तालिका २: गाउँपालिकाको दरवन्दी तेरिज........ १०
तालिका ३: गाउँपालिकाको भौतिक सम्पत्ति विवरण........ ११
तालिका ४: संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारहरू........ १३
तालिका ५: राजस्व श्रोतको नीति तथा कार्यान्वयन गर्ने निकायहरू ........ १४
तालिका ६: मूल्य अभिवृद्धि कर र अन्तशुल्को बाँडफाँड........ १६
तालिका ७: प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड ........ १७
तालिका ८: आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ १८
तालिका ९: सम्पत्ति करका करदाता सम्बन्धी विवरण ........ २१
तालिका १०: भूमि करको दर........ २२
तालिका ११: व्यवसाय करको सम्भाव्यता विवरण........ २४
तालिका १२: राजस्व परामर्श समिति........ ३३
तालिका १३: विगत आ.ब.का यथार्थ आय (रु हजारमा ) तथा वृद्धिदर........ ३४
तालिका १४: कर राजस्व सुधार योजना........ ३८
तालिका १५: नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना........ ४२
तालिका १६: आपेक्षित नतिजा........ ४३
तालिका १७: राजस्व प्रक्षेपणका आधारहरू........ ४५
तालिका १८: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण रु हजारमा........ ४८
तालिका १९: प्रक्षेपित आन्तरिक आयको विश्लेषण ........ ५१

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारी पुरा गर्नको लागि स्रोत साधन र लगानीको आवश्यकता पर्दछ । स्थानीय सरकारले विकास निर्माण कार्यको व्यवस्थापन तथा सेवाप्रवाह लाई प्रभावकारी बनाउन आर्थिक स्रोतको आवश्यकता पर्दछ । कानुनतः स्थानीय सरकारको कोषको लागि संघ तथा प्रदेश बाट विभिन्न किसिमको अनुदानको व्यवस्था गरिएको छ । यस्ता अनुदानमा वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । यस्तो अनुदानले मात्र स्थानीय तहको सम्पुर्ण खर्च आवश्यकता पुरा गर्न सम्भव देखिदैन । त्यसअर्थ राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ । संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरेको छ । जुन स्थानीय सरकारको आन्तरिक आयका सवलिकरणको लागि महत्वपुर्ण पक्ष हो र विकास कोषको हिस्सा पनि हो ।

यस सन्दर्भमा परिवर्तन गाउँपालिकाले आन्तरिक आयको रुपमा रहेको राजस्वका क्षेत्रहरूको पहिचान तथा उपयोग गरि आयवृद्धि गर्ने लक्ष्य राखेको छ । उक्त कार्यका लागि राजस्व सुधार कार्ययोजना आगामी तीन वर्ष आ.ब. २०८०/८१ देखि २०८२/८३ सम्मका लागि तर्जुमा गरिएको छ । यो राजस्व सुधार कार्ययोजना निर्माणमा संघीय मन्त्रालयले आन्तरिक राजस्व अभिवृद्धि गर्नका लागि मार्गदर्शनको रुपमा तयार गरेको राजस्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ ले निर्देश गरेको ढाँचा, विधि र प्रक्रियाको अवलम्बन गरिएको छ । मुलत नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन २०७४ ले स्थानीय सरकारको अधिकार र जिम्मेवारी भित्र पर्ने राजस्व तथा गैर राजस्वका स्रोतहरूको आकलनको आधारमा कार्ययोजनाको निर्माण गरिएको छ । त्यसका साथसाथै राजस्व सुधार कार्ययोजना निमाण गर्दा संघीय सरकार तथा प्रदेश सरकारको आर्थिक नीतिहरूलाई पनि मनन गरिएको छ । गाउँपालिकाले निर्माण गर्ने नीति तथा आर्थिक ऐनलाई पनि आधार मानिएको छ । गाउँपालिका भित्रका राजस्वका क्षेत्र तथा सम्भावनाको उपयोगको लागि आम नागरिकमा एकै पटक आर्थिक भार नपर्ने गरि प्रारम्भिक समयमा राजस्वका क्षेत्रहरूलाई फराकिलो बनाउने र दायरामा समेट्ने नीति अनुसार कार्ययोजना तय गरिएको छ ।

यस दस्तावेजको प्रमुख उपलब्धिका रुपमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको अपेक्षा सहित कार्ययोजना तयार गरिएको र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण लागि मार्गदर्शन तयार भएको छ।

## १.२ औचित्य

परिवर्तन गाउँपालिकामा उठाइने राजस्वलाई राजस्व बढाउने स्रोतको रुपमा मात्र नलिएर यसलाई स्थानीय आर्थिक विकासको उत्प्रेरक र जवाफदेहिता तथा सक्षमता अभिवृद्धि गर्ने माध्यमको रुपमा लिई स्थानीय तहका राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्न, आवश्यक नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरूको पहिचान गरी तिनको कार्यान्वयन गरी भविष्यका दिनमा पहिचान गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कामको लागि यो राजस्व सुधार कार्ययोजनाले औजार (Tools) को रूपमा काम गर्ने विश्वास गरिएको छ । गाउँपालिकाका जनताहरूबाट निर्वाचित जनप्रतिनिधिहरू, स्थानीय बासीहरूले आफ्नै गाउँपालिकाको विकासको लागि उठाइने कर वा गैरकर वापत तिरेको रकमको कसरी सदुपयोग भइरहेको छ भन्ने कुराको लेखाजोखा समेत स्थानीय सर्वसाधारणले आ-आफ्नै तरिकाले विश्लेषण गरिरहेका हुन्छन् । गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गरी यसको अधिकार क्षेत्रभित्रका उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भावित राजस्व पहिचान गर्न आवश्यक हुन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय सरकारले आफ्नो क्षेत्रमा कर र गैरकर संकलन गर्नसक्ने अधिकार रहेको छ तर कर प्रणाली र अधिकार क्षेत्रवारे कम जानकारी, सा-साना व्यवसायहरूमा कर लागू गर्दा हुनसक्ने सम्भावित अलोकप्रियता, स्थानीय सरकारलाई प्राप्त हुनआएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु जस्ता कारणहरूले गर्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर अपेक्षित रुपमा राजस्व संकलन गर्न सकिरहेको अवस्था छैन । यसरी स्थानीय सरकारहरूले वित्तीय संघीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्रको बजेट खर्च गर्न पर्याप्त राजस्व जुटाउन नसकिरहेको अवस्था छ र यसर्थ, स्थानीय सरकारहरूलाई आफ्नो अधिकार क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागू गरी आफ्नै राजस्व आधार तयार गर्न सहयोग पुर्याउनु नै प्रस्तुत कार्यक्रमको उद्देश्य रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्यहरू यस प्रकार छन्:

- परिवर्तन गाउँपालिकाको विद्यमान आन्तरिक राजस्वको समीक्षा गर्ने ।
- राजस्वको दायराहरू खोजी तथा पहिचान गर्न सहयोग पुर्याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक विधिहरू, दर निर्धारण प्रक्रिया र आधारहरू वारे स्थलगत अभ्यास गराई आन्तरिक राजस्वको महत्व र असुलि सम्बन्धमा ज्ञान प्रदान गर्ने।
- परिवर्तन गाउँपालिकाको कम्तिमा आगामी ३ वर्षको राजस्व सुधार कार्य योजना तर्जुमा गरि सोको प्रक्षेपण गर्ने ।

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनको लागि आवश्यक फारामहरूको विकास, अभिमूखिकरण कार्यक्रम तथा कार्यशाला गोष्ठी लगायतका समावेशी र सहभागितामूलक छलफलको सारांशको अध्ययन, तथ्याङ्क सङ्कलन तथा विश्लेषण जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो। अध्ययनको क्रममा अवलम्बन गरिएका विधिहरूको संक्षिप्त ब्याख्या तल गरिएको छः

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको पहिलो चरणमा बिज्ञहरूबाट विभिन्न स्रोत सामाग्रीहरूको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामाग्री देहाय अनुसार रहेका छन्:

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी बित्तीय व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व सम्बन्धी ऐन, २०७६
- परिवर्तन गाउँपालिकाको वस्तुगत विवरण २०७४
- परिवर्तन गाउँपालिकाको आवधिक योजना २०७४/०७५-२०७८/०७९
- परिवर्तन गाउँपालिकाको आर्थिक ऐन, २०७९ र परिवर्तन गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेट, २०७९
- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६
- राष्ट्रिय तथ्याङ्क कार्यालय , राष्ट्रिय जनगणना, २०७८

### १.४.२ तथ्याङ्क एवम् सूचना सङ्कलन

अध्ययनको निम्ति आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलनको गर्न अनुसूची १ मा उल्लेख भए बमोजिमका फाराम प्रयोग गरी जनप्रतिनिधिहरू, राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, लेखा तथा राजस्वका कर्मचारीहरूसँग छलफल एवम् अन्तरक्रिया गरेर आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो।

- परिवर्तन गाउँपालिकाको वस्तुगत विवरण
- वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि)
- राजस्व परिचालनको लागि अबलम्वन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र, तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क एवम् सूचना सम्बन्धित तथ्याङ्क, सरोकारवालाहरूसँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन

### १.४.३ छलफल एवम् कार्यशाला आयोजना

राजस्व सुधार कार्ययोजना निर्माणको विधि प्रक्रिया तथा बर्तमान गाउँपालिकाको आन्तरिक आयको अवस्था सम्बन्धी तथ्याङ्क तथा आवश्यक सुचना र जानकारीको लागि सम्बन्धित परामर्शदाताहरूको सहजीकरणमा एकदिने अभिमुखीकरण कार्यक्रम २०७९ चैत्र १७ गतेका दिन सम्पन्न गरिएको थियो । उक्त अभिमुखीकरणमा गाउँपालिकाका निवार्चित जनप्रतिनिधि अध्यक्ष, उपाध्यक्ष तथा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत राजस्व परामर्श समितिका सदस्य, शाखाका कर्मचारी तथा सरोकारवाला गरी ४१ जनाको सहभागिता रहेको थियो । अभिमुखीकरण कार्यक्रमा राजस्व सुधार योजनाको अवधारणा, उद्देश्य,

क्षेत्र , बर्तमान अवस्था, गाउँपालिकाको आर्थिक ऐन, कर तथा गैर करका शीर्षकहरूका बारेमा अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रमको दौरानमा विभिन्न समुहहरूमा बिभाजन गरेर समुहगत रुपमा राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गर्न लगाई सोको प्रस्तुति गरिएको थियो । सम्पत्ति कर, व्यवसाय कर, घर जग्गा बहाल कर, प्राकृतिक स्रोत बिक्री तथा निकासी शुल्क दर निर्धारण, प्रक्षेपण र असुली प्रक्रिया आदि बारेमा सहभागीहरूलाई अभ्यास समेत गराइएको थियो ।

### १.४.४ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी

यस प्रतिवेदन तयारीको सिलसिलामा समूहगत छलफल र विभिन्न दस्तवेजहरू अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विश्लेषण गरिएको छ । गाउँपालिकाबाट प्राप्त भएका सुझावहरू तथा सूचनाहरूलाई व्यवस्थित गरी विभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ । सम्पत्ति कर लगायत अन्य करहरूको वर्तमान अवस्था र प्रक्षेपण सम्बन्धी बिस्तृत विवरण उल्लेख गरिएको छ ।मस्यौदा प्रतिवेदनमा गाउँपालिकाका अधिकारीहरूसँगको परामर्शबाट प्राप्त सुझावहरू समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## १.५ अध्ययनको सीमाहरू

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नअनुसारका सीमामा रही तयार गरिएको छः

- यस अध्ययन बिशेष गरी गाउँपालिकाको कार्यालयबाट प्राप्त दस्तावेजहरू, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूबाट प्राप्त सुचना र छलफलका आधारमा तयार गरिएको छ।
- राजस्व प्रक्षेपण गाउँपालिकाको वर्तमान जनसंख्या, आर्थिक गतिविधि, गाउँपालिकाले प्रदान गर्ने सेवा, सम्पत्तिको मूल्याङ्कन दर र राजस्व दरलाई आधार मानी गरिएको छ ।
- राजस्व प्रक्षेपण गर्ने क्रममा करदाताको संख्या सम्बन्धी आधिकारीक आधार तथ्याङ्क प्राप्त हुन नसकेको अवस्थामा सहभागीद्वारा उपलब्ध भएको सूचनालाई आधार मानिएको छ ।
- छलफलबाट प्राप्त सुझाव अनुसार वर्तमान करका दरहरू यथावत राखी सोही बमोजिम आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ ।

# परिच्छेद — दुईः गाउँपालिकाको परिचय

## २.१ भौगोलिक अवस्थिति

परिवर्तन गाउँपालिका रोल्पा जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित छ । यस क्षेत्रलाई स्थानीय मानिसले भेगीय हिसाबले पश्चिम रोल्पा पनि भनिन्छ । भौगोलिक रूपमा उच्चा पहाड नदीको खोचका कारणले विकट भएपनि वन तथा जैविक विविधताले धनी रहेको छ । गाउँपालिकाको पाश्वचित्र २०७४ अनुसार कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ जसमध्ये सवैभन्दा कम क्षेत्रफल ३ नं. वडाको १२.६८ वर्ग कि मि र सवैभन्दा वढि वडा नं १ को ४७.७६ वर्ग कि.मी हेको छ । साविकका पाँचवटा गाउँ विकास समिति मिलेर हालको परिर्वतन गाउँपालिका गठन भएको हो । नेपाल सरकारले राज्य संरचनाको पुनगठन गर्दा (२०७२) प्रारम्भिक समयमा दूईखोली नाम बाट परिचित यो गाउँपालिकाको पहिलो जननिर्बाचित प्रतिनिधिहरू आयपश्चात २०७४ भदौ २७ गते गाउँसभाको पहिलो बैठकबाट यस गाउँपालिकाको नामाकरण भएको हो । यस गाउँपालिकाको पूर्बमा थवाङ गाउँपालिका,पश्चिमा सुकीदह र माडी गाउँपालिका उत्तरमा रुकुम जिल्ला र दक्षिणमा माडी गाउँपालिका तथा रोल्पा नगरपालिका पर्दछ ।




*चित्र नं. १ परिवर्तन गाउँपालिकाको प्रसाशनिक नक्सा*

## २.२ जनसंख्याको विवरण

परिवर्तन गाउँपालिकाको पाश्वचित्र २०७४ अनुसार यस पालिकाको कुल ४३३५ घरधुरीमा जम्मा जनसंख्या २४८६१ रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ घरधुरीको संख्या वृद्धि भई ४६८२ देखिन्छ भने कुल जनसंख्या घटेर २१६८० रहेको देखिन्छ ।

तालिका १: जनसंख्या तथा घरधुरी विवरण

| वडा नं | पाश्वचित्र २०७४ | | | राष्ट्रिय जनगणना २०७८ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | ३७३८ | १८७७ | १८६१ | २९३८ | १३६२ | १५७६ |
| २ | ६०३७ | २९६५ | ३०७२ | ४९२८ | २२४६ | २६८२ |
| ३ | ३७९८ | १९१३ | १८८५ | ३२२७ | १४६५ | १७६२ |
| ४ | ५०७० | २५२३ | २५४७ | ४३७१ | २००६ | २३६५ |
| ५ | ४४२९ | २२११ | २२१८ | ३९५५ | १८३७ | २११८ |
| ६ | १७८९ | ९१६ | ८७३ | २२६१ | १०६९ | ११९२ |
| जम्मा | २४८६१ | १२४०५ | १२४५६ | २१६८० | ९९८५ | ११३९५ |

| घरधुरी विवरण | संख्या | कैफियत |
|---|---|---|
| पाश्वचित्र २०७४ | ४३३५ | |
| राष्ट्रिय जनगणना २०७८ | ४६८२ | |

## २.३ आर्थिक अवस्था

परिवर्तन गाउँपालिकाका लगभग ८१.८५ प्रतिशत जनता परम्परागत कृषि पेशामा आवद्ध रहेका छन्। जसमा खेतिपाती तथा पशुपंक्षी पालनमा संलग्न रहेको जनसंख्या विवरणमा उल्लेख छ । यसैगरी यस गाउँपालिकाका केही जनसंख्या गैरकृषि पेशामा आवद्ध रहेका छन् । गैर कृषि पेशा अन्तरगत यहाँ सवैभन्दा धेरै व्यक्तिहरू व्यापारमा आवद्ध रहेका छन् । यसबाहेक नोकरी, वैदेशिक रोजगारी, दैनिकज्यालादारी, उद्योग लगायतका गैर कृषि पेशा यहाँका वासिन्दाहरूको जीवन निर्वाहको आधार रहेको छ । कृषि बिशेषगरी परम्परागत तथा जिवन निर्वाह संग आवद्ध देखिन्छ कृषि अपेक्षा गरे अनुसारको प्रतिफल पाउन सकेको देखिदैन, उचित शिक्षा, आधुनिक कृषि प्रणाली, कृषि उपकरणहरू तथा उत्पादनमुलक सीप, सिंचाईको अभाव,उत्पादनशील भुमिको कमि देखिन्छ । गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७४ अनुसार जम्मा जनसंख्यामा १४ प्रतिशत विभिन्न रोजगार रहेका छनभने ४ प्रतिशत जति स्वरोगारमा संलग्न छन, त्यसैगरी ९ प्रतिशत जनसंख्या भारत तथा वैदेशिक रोजगारीमा रहेको देखिन्छ । गाउँपालिकाको कुलघरधुरी मध्ये ९८ प्रतिशत घरमा विद्युत सेवापुगेको देखिन्छ । करिव ९५ प्रतिशत घरधुरीमा खानापकाउने ईन्धनको रुपमा दाउराको उपयोग भएको देखिन्छ ।

## २.४ सामाजिक अवस्था

### क) जात जातियता

परिवर्तन गाउँपालिका विविध जानजातीहरूको संगम स्थलको रुपमा रहेको छ । घरधुरी सर्भेक्षण २०७४ को तथ्याङ्कलाई विश्लेशण गर्दा यस गाउँपालिकामा जनजातीको (धेरैजसो मगर) वाहुल्यता देखिन्छ । त्यस्तै क्षेत्री समुहको पनि उल्लेख्य उपस्थिती देखिन्छ भने त्यसपश्चात दलित तथा ब्रामणहरूको न्युन उपस्थिति रहेको देखिन्छ । घरधुरी सर्भेक्षण २०७४ अनुसार कुल ४३३५ घरधुरीमा २२५०

जनजाति,१५३४ क्षत्री, ५१२ दलित तथा केवल ३१ परिवार ब्रामणहरूको बासोबास देखिन्छ । धार्मिक आस्थाको दृष्टिकोणबाट ९७ प्रतिशत हिन्दुधर्मालम्बीहरू रहेको देखिन्छ ।

**ख) शिक्षा**

राष्ट्रिय जनगणना २०७८ तथ्याङ्क अनुसार यस परिवर्तन गाउँपालिकाको साक्षरता प्रतिशत ७३.९ रहेकोमा पुरुष साक्षरता दर ८१.३ प्रतिशत र महिला साक्षरता दर ६७.७ प्रतिशत रहेको छ । हाल यस पालिकाभित्र माध्यमिक विद्यालयको संख्या १२ आधारभुत विद्यालय संख्या ५ र प्राथमिक विद्यालयको संख्या २६ रहेको छ ।

## २.५ गाउँपालिकाको मानवीय संसाधनको अवस्था

मानवीय संसाधन स्थानीय सरकारको संस्थागत विकास र साशन व्यवस्थापन कार्यलाई प्रभावकारीताको अर्को महत्वपुर्ण आधार हो । स्थानीय तह लाई प्राप्त अधिकार तथा जिम्मेवारीको कार्यसम्पादनको सुनिश्चिताको लागि संस्थामा मानवीय स्रोतको आवश्यकता पदर्छ। गाउँपालिका गठन हुने क्रममा संघीय मन्त्रालयले सिफारिस गरेको संरचना र कर्मचारीको दरवन्दी हालको गाउँपालिकाको कार्यसम्पादनको जिम्मेवारी र भूमिका अनुरुप जनशक्ति अभाव रहेको देखिन्छ । यस गाउँपालिकाको संगठन तथा विकास अध्ययन प्रतिवेदन निमार्ण गरेको देखिन्छ । हाललाई गाउँपालिकाले स्थानीय साविकका गाविस बाट समायोजन भएका कर्मचारी तथा नयाँ समायोजनमा आएका जनशक्ति र आवश्यक कार्यविधि निर्माण गरी करार तथा ज्यालादारीमा कर्मचारीको व्यवस्थापन गरेको देखिन्छ । गाउँपालिका गठनको समयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको दरवन्दी तलको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका २: गाउँपालिकाको दरवन्दी तेरिज*

| क.सं. | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | प्र.प्र.अ. | ८ औ | प्रशासन | सां.प्र. | १ | | |
| २ | इन्जिनियर | ७/८ औ | इन्जि. | सिभिल | १ | | १ |
| ३ | अधिकृत | ७/८ औ | शिक्षा | शि.प्र. | १ | | १ |
| ४ | अधिकृत | ७/८ औ | प्रशासन | लेखा | १ | | १ |
| ५ | अधिकृत | ६ औ. | प्रशासन | सा.प्र. | २ | | २ |
| ६ | आन्तरिक लेखा परिक्षक | ५ औ. | प्रशासन | लेखा | १ | | १ |
| ७ | सहायक | ५ औ. | प्रशासन | लेखा | ४ | | ४ |
| ८ | कप्युटर अपरेटर | ५ औ. | विविध | | १ | | १ |
| ९ | लेखा सहायक | ५ औ. | प्रशासन | लेखा | १ | | १ |
| १० | प्रा.सं. | ५औ. | शिक्षा | शि.प्र. | १ | | १ |

| क्र.सं. | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन | बाँकी |
|---|---|---|---|---|---|---|---|
| ११ | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.ई. | १ | | १ |
| १२ | सब-ई. | ५ औ. | इन्जि. | सिभिल | १ | | १ |
| १३ | अ.सव.इन्जि. | ५ औ. | सिभिल | | १ | | १ |
| १४ | स. महिला विकास नि. | चौथो | विविध | | १ | | १ |
| १५ | खांपा.स.टे. | चौथो | इन्जि. | सिभिल | १ | | १ |
| | कार्यालय तर्फ | | | | | | |
| | वडा तर्फ | | | | | | |
| १ | सहायक | ५औ | प्रशासन | सा.प्रा. | २ | | २ |
| २ | सल—इन्जि. | औ | इन्जि. | सिभिल | २ | | २ |
| ३ | सहायक | चौथो | प्रशासन | सां.प्र. | ४ | १ | ३ |
| ४ | अ.सव—इन्जि. | चौथो | इन्जिं | सिभिल | ४ | | ४ |

## २.६ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

स्थानीय सरकारको संस्थागत क्षमता अन्तरर्गत गाउँपालिकाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि रहेको भौतिक सम्पत्ति र त्यसको व्यवस्थापन तथा स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ । गाउँपालिकाले प्राप्त अधिकार तथा जिम्मेवारी पुरा गर्नको लागि उपलब्ध जनशक्तिको परिचालन तथा व्यवस्थापन गर्न कार्यस्थल, आवश्यक भौतिक सामग्री, उपकरण, जिन्सी समग्रीहरूको उपयुक्त उपलब्धता आवश्यक पर्दछ । राज्यको पुनरसंरचनाको करिव सात वर्षको अवधिमा स्थानीय सरकारका संरचना पनि निर्माण हुने क्रममा रहेका छन् । अझै पनि पुर्णरुपमा स्थानीय सरकारका जिम्मेवारी अनुरुप भौतिक सम्पत्तिहरूको व्यवस्थापन हुनसकेको छैन । यस गाउँपालिकाको जिन्सी शाखाको सुचना अनुसार हाल उपलब्ध भौतिक सम्पत्तिको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ३: गाउँपालिकाको भौतिक सम्पत्ति विवरण*

| क्र.सं | विवरण | एकाई | संख्या |
|---|---|---|---|
| १ | एम्बुलेन्स | संख्या | १ |
| २ | मोटर साईकल | संख्या | २० |
| ३ | स्कुटर | संख्या | १ |
| ४ | स्कर्पियो गाडी | संख्या | १ |
| ५ | पिकअप | संख्या | १ |
| ६ | टेलिभिजन | संख्या | २ |
| ७ | डिस होम सेट | संख्या | २ |

| | | | |
|---|---|---|---|
| ८ | डेस्कटप कम्प्युटर | पिस | १० |
| ९ | ल्यापटप | पिस | ९ |
| १० | प्रिन्टर | पिस | १३ |
| ११ | फोटोकपी मेशिन | पिस | २ |
| १२ | प्रोजेक्टर | पिस | ८ |
| १३ | ब्याट्रि | पिस | ४ |
| १४ | सोलार प्यानल | पिस | १ |
| १५ | अग्नि लेबल | पिस | २ |
| १६ | कुर्चि | पिस | १५३ |
| १७ | सोफासेट | पिस | १५ |
| १८ | इन्भटर | संख्या | २ |
| १९ | स्टिल दराज | पिस | १६ |
| २० | रिभल्वभिङ चेयर | पिस | १७ |
| २१ | काठको दराज | पिस | ४ |
| २२ | अफिस टेवल | पिस | ४ |
| २३ | गाउँ पालिकाभवन | संख्या | १ |
| २४ | वहुउदेशीय सभा हल | संख्या | १ |
| २१ | कम्युटर टेबल | संख्या | १५ |

# परिच्छेद — तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

## ३.१ राजस्व अधिकार सम्बन्धि कानुनी व्यवस्था

यस परिच्छेदमा गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ । त्यसैगरी गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### अ. राजस्व अधिकारको बाँडफाँड

संविधान तथा कानुनमा राजस्व अधिकारको बाँडफाँड नेपालको संविधानले नेपाल सरकारले उठाउन पाउने एकल करका अधिकार तथा प्रदेश र स्थानीय तहको एकल तथा साझा कर अधिकारहरूको बाँडफाँड गरेको छ । संविधानको यस प्रावधान अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ ले राजस्व श्रोतका अधिकारहरू देहाय अनुसार बाँडफाँड गरेको छ ।

*तालिका ४: संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारहरू*

| संघ प्रदेश र स्थानीय तहको एकल राजस्व अधिकार | | | प्रदेश तथा स्थानीय तह दुबैको अधिकारमा रहेका राजस्व श्रोतहरू |
|---|---|---|---|
| संघ | प्रदेश | स्थानीय | |
| • भन्सार महसुल<br>• मूल्य अभिवृद्धि कर<br>• व्यक्तिगत आय कर<br>• संस्थागत आय कर<br>• पारिश्रमिक कर<br>• राहदानी कर<br>• भिसा शुल्क | कृषि आयमा कर | • सम्पत्ति कर<br>• घर जग्गा बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क, दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• दण्ड जरिवाना | • घर जग्गा रजिष्टेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• नदीजन्य तथा खानीजन्य निर्माण पदार्थ |

### आ. साझा अधिकार र करको प्रशासनः

अन्तर सरकारी वित्तीय ऐन, २०७४ ले प्रदेश र स्थानीय तहको साझा अधिकारको करको प्रशासनका लागि देहायको व्यवस्था गरेको छ । यस ऐनले दुई तहको अधिकारको क्षेत्रमा परेको कर उठाउने तहले ६० प्रतिशत राखी ४० प्रतिशत बाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेश तहले उठाउने सवारी साधन करको हकमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा अनुसार हुने गरेको छ ।

*तालिका ५: राजस्व श्रोतको नीति तथा कार्यान्वयन गर्ने निकायहरू*

| राजस्व श्रोत | नीति बनाउने र दर तोक्ने | राजस्व उठाउने |
|---|---|---|
| सवारी साधन कर | प्रदेश सरकार | प्रदेश सरकार |
| मनोरञ्जन कर | प्रदेश सरकार | स्थानीय सरकार |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश सरकार | स्थानीय सरकार |
| विज्ञापन कर | स्थानीय सरकार | स्थानीय सरकार |

## ३.२ स्थानीय सरकारको राजस्व अधिकार

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार संम्बन्धी प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.२.१ राजस्व अधिकार सम्बन्धी संघीय ऐनका व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को संशोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छः

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने ।
- **भूमि कर (मालपोत)ः** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने, तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने ।
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरे बापत ।
- **मनोरञ्जन करः**

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो संचालन, "घ" वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।

**उ) बिक्री गर्न सक्ने**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानुन अनुसार प्राप्त हुने (स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ (४ घ))**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन रोयल्टी ।
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी ।
- खानेपानी महसुल ।

- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय सरकारका पत्रपत्रिकाको दर्ता ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को संशोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नानुसार राजस्व सम्बन्धी वित्तीय अधिकार प्रदान गरेको छः

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संशोधित व्यवस्था)**

१. सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

२. घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

३. मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

४. विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(२), (३) र (४) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

५. प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने ।
   - प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ४० प्रतिशत रकम प्रदेश सरकारलाई र ६० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड गरिने ।
   - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँड गर्ने
   - प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख) राजस्व बाँडफाँड**

वित्तीय संघीयताको अर्को महत्वपूर्ण पक्ष भनेको एक तहको सरकारले उठाएको राजस्व अन्य तहहरूमा समेत बाँडफाँड गर्नु हो । माथिल्लो तहका सरकारबाट तल्लो तहमा बाँडफाँड हुने (Vertical Revenue Sharing) प्रणाली हाम्रो देशले अपनाएको छ । अन्तर ( सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार, मूल्य अभिवृद्धि कर र अन्तशुल्को बाँडफाँड ) निम्न तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ६: मूल्य अभिवृद्धि कर र अन्तशुल्को बाँडफाँड*

| श्रोतहरू | संघ प्रतिशत | प्रदेश प्रतिशत | स्थानीय तह प्रतिशत |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर ( भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

प्राकृतिक श्रोतको रोयल्टीको बाँडफाँड निम्न तालिकामा देखाए बमोजिम गरिएको छ ।

*तालिका ७: प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड*

| श्रोतहरू | संघ प्रतिशत | प्रदेश प्रतिशत | स्थानीय तह प्रतिशत |
|---|---|---|---|
| पर्वातरोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य श्रोत | ५० | २५ | २५ |

१. नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
   - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
   - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय सरकारलाई २५ प्रतिशत
   - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने ।

**(ग) अनुदान (वित्तीय हस्तान्तरण)**

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने बित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको छ । नेपालमा राजस्व बाँडफाँडको अतिरिक्त मूलतः चार प्रकारका अनुदान माध्यमबाट अन्तर-सरकारी बित्तीय हस्तान्तरण गरिने व्यवस्था संविधान र कानुनमा गरिएको छ ।




**वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त ।

१. **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने।

२. **समपूरक अनुदानः** पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

३. **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट ।

### (घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

उपर्युक्त व्यवस्थाहरूले स्थानीय सरकारलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय सरकारले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

१. नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
२. नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
३. नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।
४. कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय सरकारलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
५. कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।

सेवा शुल्क असुली कार्य आफैं वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

### आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकाको आन्तरिक आय सम्भाव्यता थाहा पाउनको लागि हालको कानूनी प्रावधान अनुसार गाउँपालिकालाई उपलब्ध आय शीर्षकहरूको परिचालन कसरी गरिएको छ भनी जान्नु उपयुक्त हुन आउँछ। गाउँपालिकाले उपरोक्त आय शीर्षकहरू मध्ये कतिवटामा राजस्व असुली गरिरहेको, कतिवटामा संकलनको निर्णय मात्र गरेको र भएका शीर्षक मध्ये कति वटामा दर र दायरा वढाउन सकिने र कतिवटा शीर्षक परिचालन गर्न सकिने हो भनी गाउँपालिकाका पदाधिकारीहरूसँगको छलफलबाट यथार्थ अवस्था झल्काउने कोशिस गरिएको छ ।

*तालिका ८ः आन्तरिक आय परिचालनको वर्तमान अवस्था*

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पीत्त कर | छ | नभएको | नभएको |
| ३ | व्यवसाय कर | छ | भएको | भएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा | छ | नभएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| ६ | जडीबुटी, कवाडी र जिवजन्तु कर | छ | नभएको | भएको |
| ७ | विज्ञापन कर | छ | नभएको | भएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | भएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | नभएको | भएको |
| २ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | छ | नभएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | छ | नभएको | नभएको |
| ६ | अस्पताल संचालन | छैन | नभएको | नभएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्रलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुलआदि | छ | नभएको | नभएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | छ | भएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | नभएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १६ | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लिखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले करतर्फ ८ वटा मध्ये ८ वटा शीर्षकहरूमा आय सङ्कलन गर्ने सम्भावना देखिन्छ, जसमध्ये गाउँपालिकाले हालसम्म ७ वटा शीर्षकहरूको करका दरहरू निर्धारण गरी ३ वटा शीर्षकहरूबाट कर सङ्कलन गरिरहेको छ । तर सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) करको हकमा भने करको दर निर्धारण भएको भएतापनि कर उसुल उपर हुने सम्भावना रहेको छैन ।त्यसैगरी जडीबुटी, कवाडी र जिवजन्तु करको सम्भावना रहेको भएतापनि दर निर्धारण तथा सङ्कलन हुन सकेको छैन ।

त्यसैगरी गैरकरतर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये १३ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ भने ४ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिँदैन । हालसम्म गाउँपालिकाले जम्मा ८ वटा शीर्षकहरूमा दर निर्धारण गरेको भए तापनि ६ वटा शीर्षकहरूमा मात्र आय सङ्कलन गरिरहेको छ ।

## ३.३ आन्तरिक आय स्रोतका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ सम्पत्ति कर

**<u>हालको अवस्थाः</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ को संशोधन अनुसार स्थानीय तहले आफनो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ । यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरेको छ। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्म पर्नेछ। घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्यांकनका आधारहरू देहाय बमोजिम हुनेछनः

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

यस व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक ऐनमा गाउँपालिकाको क्षेत्रभित्र कुनैपनि व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकिकृत रुपमा हिसाब गरी मुल्यांकनका आधारमा सम्पत्ति कर लगाउँदै आएको छ। आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनको दर (आधार) निर्धारण गरेको छ तर करका दरहरू उल्लेख गरिएको छैन। गाउँपालिकाले सम्पत्ति कर सम्बन्धी कार्यविधि तयार पारेर सम्पत्ति कर सम्बन्धी दर निर्धारण गरी घर र घरले चर्चेको जग्गाको मूल्याङ्कन दर र घर तथा संरचना ह्रासकट्टी समेत मूल्याङ्कन दर निर्धारण गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा हाल सम्म सम्पत्ति कर सङ्कलन गरिएको छैन र सो सम्बन्धि आर्थिक ऐनमा करको दर लगायत कुनै कुरा उल्लेख गरिएको छैन । आर्थिक ऐनमा सम्पत्ति कर सम्बन्धि स्पस्ट व्यवस्था नभए सम्म कर सङ्कलन गर्न नहुने भएकाले आगामी आ.व. मा सम्पत्ति कर सङ्कलनका लागि आर्थिक ऐनमा करको दर व्यवस्था गर्नु पर्ने देखिन्छ । सम्पत्ति कर

कार्यान्वयनका लागि गाउँपालिकाले कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधि समेत निर्माण गर्नु पर्ने देखिन्छ ।

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा ४६८२ घरपरिवार रहेको देखिन्छ । विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्दछ। यसरी विगतका आ.व.हरूमा सम्पती कर बापतको कुनै पनि रकम संकलन नभएकोमा आगामी आ.व. देखि आर्थिक ऐनमा नै सम्पत्ति करको न्यूनतम करका दर रेट र मुल्यांकनका आधारहरू समावेश गरी सम्पत्ति कर असुल गर्न उपयुक्त हुने देखिन्छ ।

**संभाव्यता:**

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरधूरी संख्यालाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । आर्थिक ऐनमा निम्नानुसारका करका दररेट प्रस्ताव गरी सम्पती कर असुल गर्न सकिने सम्भावना देखिन्छ । जस अनुसार शुरुवाती वर्ष भएकोले यस शीर्षकमा लगभग रु १० लाख ६५ हजार संकलन हुने देखिन्छ ।

*तालिका ९: सम्पत्ति करका करदाता सम्बन्धी विवरण*

| कर योग्य सम्पतिको मूल्य | यथार्थ करको दर (प्रति लाख रू.) | करदाता संख्या (अनुमानित) | प्रति करदाता औसत कर रू. | सम्भाव्य सङ्कलन कर रु |
|---|---|---|---|---|
| रु १ देखी रु २ लाख रुपैया सम्म | १० | २०० | १५ | ३००० |
| रु २ लाख एक देखी पाँच लाख सम्म | १२ | १५०० | ४८ | ७२००० |
| पाँच लाख १ देखी रु १० लाख सम्म | १५ | १६०० | १२० | १९२००० |
| दश लाख १ देखी १५ लाख सम्म | १८ | ६५० | १९५ | १२६७५० |
| रु १५ लाख १ देखी २० लाख सम्म | २० | ३३५ | ३७० | १२३९५० |
| रु २० लाख १ देखी ३० लाख सम्म | २२ | २०० | ५६१ | ११२२०० |
| रु ३० लाख १ देखी ५० लाख सम्म | २५ | १०० | १४०० | १४०००० |
| रु ५० लाख एक देखी ८० लाख सम्म | २८ | ५० | २६२० | १३१००० |
| रु ८० लाख १ देखी १ करोड सम्म | ३० | २७ | २७०० | ७२९०० |
| रु १ करोड १ देखि १ करोड ५० लाख सम्म | ३२ | १५ | ४०१६ | ६०२४० |
| रु १ करोड ५० लाख १ देखी २ करोड सम्म | ३५ | ५ | ६१४२.५ | ३०७१२.५ |
| रु २ करोड भन्दा माथि ( प्रतिलाख रु ४०) | | ४६८२ | | १०६४७५२.५ |

जनगणना २०७८ अनुसार गाउँपालिकामा जम्मा ४६८२ घरधुरी रहेकोले उक्त संख्यालाई आधार मानिएको हो । घरका किसिमहरू र प्रस्तावित करका दरहरू फरक पर्न सक्दछन् ।

### ३.३.२ मालपोत वा भूमि कर

**हालको अवस्थाः**

यस गाउँपालिकाले विगतका वर्ष देखि भूमिकरको रुपमा मालपोत कर शीर्षक तर्फ कर संकलन गर्दै आईरहेको छ । गाउँपालिकाले भूमीकरको दर आर्थिक ऐनमा पनि व्यवस्था गरेको पाईन्छ। भूमिकर तर्फ गाउँपालिकाले यस शीर्षक अन्तरगत आ.ब.२०७६/७७ रु १२ लाख ५८ हजार संकलन भएको छ भने आ.ब.२०७७/७८ रु.१६ लाख ७० हजार र आ.ब.२०७८/७९ रु १७ लाख १० हजार ७२२ बराबर रकम आय गरेको देखिन्छ । यस गाउँपालिकाको भूमिकर तर्फ तीन वर्षको आयको प्रवृति हेर्दा क्रमस वृद्धि हुँदै गएको देखिन्छ । चालु आ.ब.२०७९/८० का लागि यस शीर्षकमा रु ११ लाख आय प्राप्त गर्न सकिने अनुमान गरेको छ , जुन गत वर्षको यथार्थ भन्दा पनि कम अनुमान गरेको देखिन्छ । चालु वर्षको फागुन मसान्तसम्म यस शीर्षका भूमिकर रु. ७५०००० संकलन भएको देखिन्छ। आ.ब.२०७९/०८० को लागि आर्थिक ऐनमा यस गाउँपालिकाले निर्धारण गरेको मालपोत वा भूमि कर तपशिल बमोजिम रहेको छ :

*तालिका १०: भूमि करको दर*

| जग्गाको किसिम | प्रति रोपनी जग्गाको दर ( रु) |
|---|---|
| सहिद मार्ग तथा गा.पा. र वागमारा क्षेत्र | २५ |
| समथर खेत | २० |
| समथर पाखो | १५ |
| भिरालो पाखो जग्गा | १० |

**सम्भावना**

यस गाउँपालिकामा जग्गाहरूलाई वर्गिकरण गरेर सोहि अनुसारको मालपोत कर उठाईएको छ । यसको अलवा कुन-कुन जग्गाको क्षेत्रफल कति कति छ भन्ने कुराको अभाव भएकोले तथ्याङ्कगत रुपमा आयको अनुमान गर्न नसकेकोले विगतमा उठेको मालपोत करको आधारमा मात्रै यस शीर्षकमा रु १५ लाख उठने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा सुधारका पक्षहरू देहायअनुसार छन्ः

- कुन -कुन जग्गाको क्षेत्रफल कति कति छ भन्ने कुराको तथ्याङ्क तयार गर्ने ।
- मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अद्यावधिक अभिलेखीकरण गर्ने ।
- सहिदमार्ग, बजार क्षेत्र तथा सडक पहुँच भएका क्षेत्रमा रहेको जग्गाको मुल्यांकन गरी दरमा परिमार्जन गरी बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- करदाताहरूमा मालपोत वार्षिक रुपमा तिर्नुपर्छ भन्ने सचेतनामुलक तथा वाध्यकारी नियम लागु गर्ने ।

### ३.३.३ घर वहाल कर

**हालको अवस्था:**

गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, काराखाला, जग्गा पूरै वा आशिंक रुपमा बहाल लगाएमा घरधनी वार्षिक रुपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकामा विगतका वर्षदेखि नै यस शीर्षकमा कर लगाउँदै आइरहेको र करको दायरा समेत बढाएको छ। यस शीर्षकमा आ.व. २०७८/०७९ मा रु ९० हजार उठाएको र चालु आ.ब.२०७९/०८० को फाल्गुन सम्म रु १६ हजार उठेको अवस्था छ। यस गाउँपालिकाले चालु वर्ष २०७९/०८० मा यस शीर्षकमा रु ४० हजार उठने अनुमान गरेको छ जुन आ.ब. २०७८/०७९ भन्दा कम देखिन्छ ।

**संभाव्यता:**

सङ्कलित तथ्याङ्क अनुसार गाउँपालिका क्षेत्रमा करिब ९० जनाले विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छ । गाउँपालिकाले घरजग्गा वहाल करलाई प्रगतिशील बनाई बहाल कर बहाल रकमको १० प्रतिशतका दरले निर्धारण गर्दा देहाय बमोजिम सङ्कलन हुने सम्भावना देखिन्छ । यस गाउँपालिकमा करिव १ लाख २६ हजार घरवहाल कर उठने देखिन्छ ।

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम जम्मा (रु) | वार्षिक भाडा असुली (रु) | प्रस्तावित करको दर (%) | सम्भावित रकम (रु) |
|---|---|---|---|---|---|
| | (क) | (ख) | (ग) | (घ) | घर बहाल कर |
| अडिट गर्ने तथा संस्थागत व्यावसायिक फर्म, वित्तिय संस्था तथा सार्वजनिक संस्थाहरू (औसत मासिक रू. १०००० वहाल आर्जन गर्ने) | ३ | १०००० | ३६०००० | १० | ३६००० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रू.५०००० वहाल आर्जन गर्ने) | १५ | ५००० | ९००००० | १० | ९०००० |
| **जम्मा** | | | | | १२६००० |

**सुधारका पक्षहरू:**

- वहालमा भएका घरको लगत सङ्कलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसँग आवद्ध गर्ने।
- वहाल करको दर पुनरावलोकन गरी प्रगतिशिल दर निर्धारण गर्ने ।
- घर वहाल कर सङ्कलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने।
- घरवहाल कर तिर्ने करदाताहरूसंग विभिन्न माध्यमबाट सम्पर्कमा रहने तथा कर शिक्षाको जानकारी समय समयमा दिने ।

### ३.३.४ व्यवसाय करः

व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारको दर्ता नवीकरण र खारेजी गर्दा समेत कर लगाउने गरिन्छ । यस्ता किसिमका करहरू यस शीर्षक अन्तर्गत राखिएको छ ।

**हालको अवस्थाः**

गाउँपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ। यस गाउँपालिकाको स्थानीय तहको आर्थिक ऐन २०७९ अनुसार विभिन्न ५८ वटा समूहमा व्यवसायलाई वर्गीकरण गरेर कर लगाएको कुरा उल्लेख छ ।न्यूनतम व्यवसाय कर रु १ सय (हाते मेशिन) देखी रु ८ हजार (मदिरा पसल) सम्मको दायरामा करको दर राखिएको छ जसबाट के स्पष्ट हुन्छ भने गाउँपालिकाले दायरालाई फराकिलो बनाउँदै आएको छ ।

आ.व. २०७६/७७ मा यस शीर्षकबाट के कति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ.व. मा के कति सङ्कलन गर्ने कुनै अनुमान गरिएको छैन । गाउँपालिकाको विवरण अनुसार व्यवसायको आम्दानीलाई विगतको वर्ष देखी नै छुट्टयाएर राखिएको देखिँदैन तर व्यवसाय दर्ताको भने चालु आ.ब. ०७९/०८० मा रु २ लाखको अनुमान गरेको छ । साथै फाल्गुन मसान्त सम्ममा रु १ लाख १८ हजार आय भइसकेको देखिन्छ । व्यवसाय करलाई अन्य करको शीर्षकमा राखेको हुन सक्ने देखिन्छ।

**संभाव्यताः**

यस गाउँपालिकामा दर्ता भएका करिब ५१० वटा व्यवसायहरू रहेका छन् । राजस्व शाखासंगको छलफलका दौरानमा प्राप्त नतिजाका आधारमा हेर्दा जम्मा व्यवसायीलाई ठूला, मध्यम, साना र उत्पादनमूलक व्यवसाय करदाता गरी चार तहमा वर्गीकरण गरिएको छ ।यस शीर्षकमा करिब रु ३ लाख ७८ हजार उठने देखिन्छ ।

*तालिका ११: व्यवसाय करको सम्भाव्यता विवरण*

| क्र.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औसत करको दर (रु) | संभावित आय (रु) |
|---|---|---|---|---|
| १ | व्यवसायीहरू ( सरदर रु ६००० हजार देखी -रु ८००० ) सम्म तिर्ने वित्तीय संस्थाहरू/ मदिरा पसल/सुनचाँदी/मोटर्स पार्टहरू/ईलोक्ट्रीकु पसलहरू/हार्डवयर पसलहरू | ९० | ७०० | ६३००० |
| २ | व्यवसायीहरू ( सरदर रु ३ हजार देखी -रु ५ हजार ) सम्म तिर्ने मदिरा पसल/प्लाई पसलहरू/औषधी पसलहरू/फेन्सी/जुत्तापसल/किराना पसल आदि | १५० | ४०० | ६०००० |
| ३ | व्यवसायीहरू ( सरदर रु १ हजार देखी -रु २ हजार ) सम्म तिर्ने मदिरा पसल/प्लाई पसलहरू/औषधी | १२० | १५०० | १८०००० |

| | | | | |
|---|---|---|---|---|
| | पसलहरू/फेन्सी/जुत्तापसल/किराना पसल आदि | | | |
| ४ | साना व्यवसायीहरू (१,००० र सो भन्दा कम कर तिर्ने करदाता) | १५० | ५०० | ७५००० |
| | **जम्मा** | **५१०** | | **३७८०००** |

**सुधारका पक्षहरू:**

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ:

- गाउँपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण लगत तयार गर्ने (कर कार्यालयसंग समन्वय गरी व्यवसाय गर्ने करदाता संख्या यकीन गर्ने) ।
- घुम्ती टोलीहरू खटाई स्थलगत रुपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर संकलन गर्ने व्यवस्था गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानुनी व्यवस्था परिमार्जन गर्ने ।
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यस सम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै- नियमित र अधिकतम कर तिर्ने करदातालाई सम्मान एवं पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रको व्यवसाय करलाई केहि न्यूनीकरण गर्ने र अन्य क्षेत्रहरूमा आम्दानीको आधारमा व्यवसाय कर लगाउने र छुटेका क्षेत्रहरूलाई करको दायरामा ल्याउने ।

### ३.३.५ जडीबुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:**

गाउँपालिकाका बजार क्षेत्रबाट कवाडी सङ्कलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छैनन् साथै अन्य जीवजन्तु तथा जडीबुटी सङ्कलन तथा बिक्रीका सन्दर्भमा भने तथ्याङ्क तथा सूचनाको अभाव देखिन्छ । गाउँपालिकाको आर्थिक ऐनमा यो कर सङ्कलनको प्रावधान र दरहरू उल्लेख भने गरिएको छ। अघिल्लो आ.व.मा कति सङ्कलन भएको भन्ने तथ्याङ्क छैन साथै चालु आ.व.का लागि कुनै रकम अनुमान गरेको छैन। गाउँपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोबार गर्ने सँग कर सङ्कलन गर्न उपयुक्त देखिन्छ । गाउँपालिकाको धेरै भु-भागहरू जंगल भागले ढाकेको केही क्षेत्रमा चिराइतो लगायतका जडीबुटी प्रचुर मात्रामा रहेको भए तापनि न्यून रुपमा सङ्कलन हुने साथै नियमन कमजोर भएका कारण राजस्व सङ्कलन अपेक्षित हुन सकेको छैन तर यस गाउँपालिकाले जडीबुटी कर सङ्कलनको व्यवस्था र दर निर्धारण गरेको भए पनि रकम सङ्कलन गरेको छैन । आ.व.

२०७८/७९ मा यस शीर्षकबाट के कति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ.व.को लागि कति सङ्कलन गर्ने भन्ने कुनै अनुमान रहेको छैन । वैज्ञानिक वन लेखाजोखा (इनभेन्ट्रि) गरेर जडीबुटी केन्द्रको स्थापना, वन पैदावरको सङकलन केन्द्रको स्थापना, व्यवसायिक जडीबूटी खेती र आयुर्वेद प्रणालीमा बजारीकरण, वैज्ञानिक वन व्यवस्थापन गरिए जडीबुटी आदिको प्रबल सम्भावना देखिन्छ ।आर्थिक ऐन २०७९ अनुसार यस शीर्षकमा प्रशोधित जडीबुटी प्रति के.जी. रु ३ र कागज स्टिल जन्य र फलाम जन्य प्रति के.जि. रु २ तोकिएको छ ।

**संभाव्यताः (कवाडी तथा जडीबुटी कर):**

जडीबुटी र कवाडी सम्बन्धमा कुनै तथ्याङ्क नभएकोले आगामी आ.व.मा जम्मा रू. १ लाख ५० हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- जडीबुटीको बारेमा अध्ययन अनुसन्धान हुनुपर्ने ।
- जडीबुटीको चोरी निकाशीलाई करको दायरमा ल्याउन छिमेकी पालिकाहरूसँग सहकार्य गर्नुपर्ने ।
- जडीबुटी, कवाडी तथा जीवजन्तु कारोबारको अनुगमन गरी सबैलाई करको दायरामा समावेश गर्नुपर्ने।
- कवाडी वस्तुहरूको व्यावसायिक रुपमा सङ्कलन तथा कारोबार गर्नेलाई इजाजत प्रदान गरी कारोबारको आधारमा कर सङ्कलन गर्ने ।

### ३.३.६ विज्ञापन कर

**हालको अवस्थाः**

गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन गाउँपालिकाले गरी सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।विज्ञापन करका सन्दर्भमा गाउँपालिकाले विभिन्न विज्ञापनका सामग्री अनुसार करको दरहरू निर्धारण गरेको। गाउँपालिकाले स्थानीय तहको आर्थिक ऐन २०७९ मा विज्ञापन करका दररेट निम्न अनुसार निर्धारण गरिएको छ ।

| विवरण | दर (रु) |
|---|---|
| स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्ग फिट | १५ |
| राष्ट्रिय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्ग फिट | ५० |

जस अनुसार होडिङ्ग बोर्ड प्रति वर्ग फिट रु.१००, डिजिटल बोर्ड प्रति वर्ग फिट रु १२०, वाल पेन्टिङ्ग प्रति वर्ग फिट रु ५० दरले निर्धारण गरेको छ ।

**संभाव्यताः**

यस गाउँपालिकामा विज्ञापन करको सम्भावना कमै देखिन्छ ।गाउँपालिकाको बजार क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्याङ्क नभएको भएतापनि आगामी वर्ष लागि जम्मा रू. ५० हजार सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- सङ्कलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### ३.३.७ बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्था:**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधन सँगै संघीय कानुनमा स्रोत बाँडफाँडको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परिक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधन सँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय सरकारले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । संघीय कानुनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ । वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोला, नालाको आफ्नै निर्णयले, खानी क्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरे क्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन र विक्री गर्दा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नु पर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी, वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मीटरसम्म र खोलाको हकमा जतिसुकै भए पनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन गर्न प्रारम्भिक वातावरणीय परीक्षण ( Initial Environmental Examination-IEE) मात्र गर्नु पर्ने र यस सम्बन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएको छ । यस गाउँपालिकाले पनि सोही प्रवधानमा रही काम गरिरहेको छ ।

**संभाव्यताः**

हालको अवस्थाका आधारमा विश्लेषण गर्दा परिवर्तन गाउँपालिकामा माहाभारत क्षेत्रवाट निस्कने साना तथा मध्यम खालका खोलाहरू रहेका छन् । मुख्य खोलाहरूमा बागमारा खोला, दुइखोली, पुतलाखोला, धाङ धुङ् खोला बाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बितण गर्न सकिने संम्भाबना देखिन्छ । नदी जन्य पदार्थ ढुङ्गा तथा रोडा विक्रि वितरणको लागि प्रारम्भिक अध्ययन पश्चात यो कार्य गरिनु पर्दछ । शुरुवाती पहल भएकोले र गाउँपालिका लगायत अन्य स्थानहरूमा निर्माण कार्यहरू तिब्र गतिमा भै रहेकोले ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य वस्तुको माग नियमित रुपमा आउने देखिन्छ ।यो शीर्षकमा गाउँपालिकाले रु ३ लाख आम्दानी गर्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व गाउँसभाबाट बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।
- सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिस गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने ।
- गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

### ३.३.८ नक्सा पास दस्तुर

**हालको अवस्था**

गाउँपालिकाले नक्सा पास र अभिलेखीकरण दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । भवनको किसिम र भवन रहेको स्थानका आधारमा उक्त दस्तुरहरू फरक फरक रहने गरी निर्धारण भएको देखिन्छ। साथै हालसम्म न्यून मात्रामा हुँदै आएकोमा सडकको बिस्तार तथा पहुँचसँगै बजारीकरण बढ्ने अपेक्षा गर्न सकिन्छ र भविष्यमा आन्तरिक आय सङ्कलनको नियमित श्रोतको रुपमा रहन सक्ने देखिन्छ। आर्थिक ऐन २०७९ मा निम्न अनुसारको नक्पास तथा घर नक्सा अभिलेखिकरण दस्तुरको निर्धारण गरेको छ। गाउँपालिकाको विगत तीन वर्षमा यस शीर्षकमा संकलन गरिएको आयलाई अध्ययन गर्दा पछिल्ला दुई वर्षमा आय प्राप्त गरेको देखिँदैन भने आ.ब. २०७८/०७९ मा १ लाख ३० हजार संकलन भएको देखिन्छ। गत वर्ष गाउँपालिकाले संरचना निर्माण भइसकेका घरहरूको अभिलेखिकरण तथा सुचीकृत गर्ने कार्य वापत सो रकम उठ्न गएको हो ।

| विवरण | दस्तुर रु ( प्रति स्क्यर फिट प्रति तला) |
|---|---|
| आर.सि.सि भवन शहिद मार्ग, गा.पा. र वागमारा क्षेत्र | ६ |
| आर.सि.सि भवन अन्य क्षेत्र | ५ |
| आर.सि.सि भवन अभिलेखिकरण  शहिद मार्ग, गा.पा. र वागमारा क्षेत्र | ५ |
| आर.सि.सि भवन अभिलेखिकरण  अन्य क्षेत्र | ४ |
| नक्सा पास फारम शुल्क | १००० |

**<u>संभाव्यता</u>**

यस गाउँपालिका क्षेत्रमा आगामी दिनमा भवन निर्माणमा थप तीव्रता हुने अनुमान छ । हाल यस क्षेत्रमा नयाँ घरहरू निर्माण भइरहेका छन्। यस शीर्षकमा रु ३ लाख ५० हजार संकलन हुने सम्भावना देखिन्छ।

**<u>सुधारका पक्षहरू</u>**

- गाउँपालिकाको आर्थिक ऐनमा नक्सा पास सम्बन्धी बैज्ञानिक तवरले दस्तुरको दर निर्धारण गर्ने
- नक्सा पास प्रक्रियाले आय मात्र नभई भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- नक्सा पासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको संरचना तथा बनोट आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने।
- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरू सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सा पासको दायरामा ल्याउने ।

### ३.३.९ न्यायिक दण्ड जरिवना र जफतः

गाउँपालिकाको न्यायिक समिति लगायत अदालती प्रकृयाबाट निर्णय भै आएका विषयहरू यस शीर्षकमा राख्दै आईरहेको छ । गत वर्ष यस शीर्षकमा रु ३५ हजार उठेको देखिन्छ ।

**<u>संभाव्यता</u>**

गाउँपालिकामा विभिन्न विषयमा बढदै गई रहेको क्षेत्र र प्रकृयागत कानूनी मान्यताले सके सम्म सबै किसिमका विवादहरू मिलाउदै जाने गाउँपालिकाको नीति हुँदा हुँदै पनि विगतको अनुभवलाई हेर्दा यस शीर्षकमा रु ४० हजार उठन सक्ने सम्भावना देखिन्छ ।

### ३.३.१० नाता प्रमाणित दस्तुर

**बर्तमान अवस्था तथा सम्भावना**

गाउँपालिकाको गैरकर अन्तरगत एकाघरका परिवारका सदस्यहरूको विभिन्न प्रयोजनका लागि नाता सम्वन्ध प्रमाणित गर्नुपर्ने आवश्यकता हुन्छ । आर्थिक ऐनमा विभिन्न किसिमका नाता प्रमाणित गरे बापत दस्तुर तोकेको छ । गाउँपालिकाले आ.ब.२०७७/७८ मा रु २५४७००, आ.ब २०७८/७९ मा रु १२०००० संकलन गरेको छ भने चालु आ.ब.२०७९/८० मा रु.१ लाख अनुमान गरेकोमा फागुन मसान्त सम्म रु. ४१ हजार ५ सय संकलन भएको देखिन्छ ।

**<u>संभाव्यता</u>**

गाउँपालिकामा विविध प्रयोजनका लागि नाता प्रमाणित गर्ने क्रम वृद्धि सँगै आगामी वर्ष यस शीर्षक बाट रु २ लाख ५० हजार आम्दानी हुने सम्भावना देखिन्छ ।

### ३.३.११ सिफारिस दस्तुर,

<u>हालको अवस्था</u>

गाउँपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गरिआएको छ । आर्थिक ऐनले सेवा शुल्क र दस्तुर शीर्षकमा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । स्थानीय सरकार संञ्चालन ऐन २०७४ ले पनि वडा कार्यालयले करिब ३५ वटा सिफारिस तथा अन्य प्रयोजनामा थप सिफारिस तथा प्रमाणीकरण गर्नसक्ने कानूनी प्रावधान रहेको छ। सिफारिस तथा प्रमाणित दस्तुर बापत गाउँपालिकाले यस शीर्षक अन्तरगत आ.ब.२०७६/७७ रु.७ लाख ९२ हजार, आ.ब.२०७७/७८ रु ६ लाख १७ हजार, आ.ब.२०७८/७९ रु १० लाख ८५ हजार बराबर रकम आय गरेको देखिन्छ।

<u>संभाव्यता</u>

गाउँपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरे बापत लिईने दस्तुर यस शीर्षक अन्तर्गत पर्दछ, जुन गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्ये एक हो । आगामी आ.व.मा हुन सक्ने सिफारिस तथा प्रमाणित दस्तुरको अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुर बापत करिब रु १० लाख उठने सम्भावना देखिन्छ ।

<u>सुधारका पक्षहरू</u>

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर स्पष्ट गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।

### ३.३.१२ घटना दर्ता दस्तुर

**बर्तमान अवस्था**

गाउँपालिका तथा वडा कार्यालयहरूबाट नागरिकहरूले जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद तथा विविध किसिमका दर्ता प्रमाण र निवेदन वापतको शुल्क तिर्ने गरेको देखिन्छ । गाउँपालिकाले यस शिर्षक तर्फ आ.ब. २०७७/७८ मा रु २ लाख ५७ हजार ८ सय, आ.ब. २०७८/७९ मा रु ८५ हजार संकलन गरेको छ भने चालु आ.ब. २०७९/८० मा रु १ लाख अनुमान गरेकोमा फागुन मसान्त सम्म रु ६३ हजार ४ सय संकलन भएको देखिन्छ ।

**सम्भावना**

गाउँपालिकाको घटना दर्ता क्रमको वृद्धि सँगै आगामी वर्ष यस शिर्षक बाट रु २ लाख आम्दानी हुने सम्भावना देखिन्छ ।

### ३.३.१३ सामुदायिक वनबाट प्राप्त रकम

<u>हालको अवस्था</u>

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको

आम्दानीको १०% रकम सम्बन्धीत गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ। यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो की भन्ने देखिए तापनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुने गरी व्यवस्थापन गर्न सकिने देखिन्छ । यस अनुसार सामुदायिक वन समूहले गाउँपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानुनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरूसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।

सामुदायिक वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकारसञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतमा आम्दानी भएको थिएन । साथै आ.व.२०७७/७८ का लागि पनि गाउँपालिकाबाट यस शीर्षकमा रकम प्राप्त हुने अनुमान गरेको देखिँदैन ।

**<u>संभाव्यता</u>**

यस गाउँपालिकामा सामुदायिक वन रहेका हुनाले यहाँबाट प्राप्त आम्दानीको वन ऐन, २०७६ वमोजिम तोकिएको प्रतिशत रकम स्थानीय विकासका लागि महत्वपूर्ण स्रोत हुने देखिन्छ । यसरी यस पालिकाका सामुदायिक बनको कुल आम्दानीको १० प्रतिशतले वार्षिक अनुमानित रकम **रू. ५० हजार** आय हुने देखिन्छ ।

**<u>सुधारका पक्षहरू</u>**

- सामुदायिक वन समितिलाई गाउँपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीय कोषमा जम्मा गर्न पहल गर्ने ।
- गाउँपालिकाको क्षेत्रमा रहेका सबै १५ वटा सामुदायिक वनको अभिलेखीकरण गर्ने कार्य योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।
- वन संरक्षण र विकास तथा जडीबुटी खेती, कृषि, वन लगायतका जीविकोपार्जन सम्वन्धी क्रियाकलापहरूको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- वन संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि स्वीकृत गरी लागु गर्ने ।

### ३.३.१४ अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)

**हालको अवस्था**

परिवर्तन गाउँपालिकाका केही स्थानहरूमा वाक्लो वस्तीहरूको विकास हुँदै गईरहेको छ । गाउँपालिकाले अलि बाक्लो तथा ठूलो बस्ती भएका क्षेत्रमा फोहरमैला सङ्कलन तथा व्यवस्थापनको काम शुरु गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले फोहरमैला व्यवस्थापन शुल्क लिन सक्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छैन । त्यसैले आगामी आर्थिक ऐनमा फोहरमैला सङ्कलन तथा व्यवस्थापन शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ।

**संभाव्यता**

गाउँपालिकाले तत्कालै आफ्ना मूख्य बस्तीहरूबाट फोहरमैला व्यस्थापन कार्यक्रमसँगै शुल्क सङ्कलन कार्य प्रारम्भ गर्नु पर्ने देखिन्छ । यद्यपि यस कार्यका लागि पालिकासँग आवश्यक पुर्वाधारहरू जस्तै फोहोर सङ्कलन सामाग्री तथा विसर्जन केन्द्र निर्माण नभैसकेकोले आगामी आ.व. को आय स्रोतमा संलग्न गरिएको छैन । आवश्यक पूर्वाधार निर्माण पश्चात भने यस शिर्षक मार्फत आय सङ्कलन गर्न सकिनेछ ।

**सुधारका पक्षहरू**

- हालको आर्थिक ऐनको व्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला व्यवस्थापन शुल्कको दर, उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मूख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।
- यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शीर्षक अन्तर्गत सङ्कलन गर्ने ।

### ३.३.१५ अन्य विविध आय

गाउँपालिकाले विभिन्न किसिमका फारमहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा, तोकिएका शीर्षकहरू बाहेकका अन्य शीर्षकहरूलाई वुझनु पर्छ । यस शीर्षक अन्तर्गत गाउँपालिकाले करिब **रू. २ लाख** सम्म संकलन गर्न सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद — चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा राजस्व परामर्श समिति गठन गर्ने व्यवस्था रहेको छ । यस समितिको मुख्य जिम्मेवारी राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका साथै राजस्व शासन सुधारका लागि आवश्यक परामर्श दिने रहेको छ । गाउँपालिकामा दोस्रो कार्यकालका लागि निर्बाचित जनप्रतिनिधिहरू आय पश्चात यो समितिको गठन तथा यसले कार्यसम्पादन गरेको देखिन्छ ।

*तालिका १२: राजस्व परामर्श समिति*

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | कलादेवी खत्रेनी | उपाध्यक्ष | संयोजक |
| २ | ध्रुव राज न्यौपाने | सदस्य | सदस्य |
| ३ | उत्सिपा विक | सदस्य | सदस्य |
| ४ | प्रेम बुढा मगर | सदस्य | सदस्य |
| ५ | मोतिकला खत्री | सदस्य | सदस्य |
| ६ | हरिश चन्द्र डाँगी | प्रमुख राजस्व शाखा | सदस्य सचिव |

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा बसेको राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक तथा छलफल गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू कार्यपालिका तथा गाउँसभा समक्ष पेश गर्ने गरेको छ । गत आ.ब.मा राजस्व परामर्श समितिको दुईपटक विविध विषयमा बैठक बसी निर्णय गरेको देखिन्छ । हाल पालिकाको राजस्व शाखामा एक जना पाँचौ तहका कर्मचारी लाई कार्य जिम्मेवारी दिएको देखिन्छ । राजस्व शाखाको जिम्मेवारी तथा कार्यबोझ अनुसार हाल जनशक्तिको अभाव देखिन्छ । पालिकाले हाल विद्युतिय सुचना प्रणाली अनलाईन सप्टवयरको उपयोग गरी पालिकाको कार्यलय तथा ६ वटै वडा कार्यालय बाट राजस्व संकलन तथा अभिलेखिकरणको कार्य गरेको देखिन्छ । पालिकाको बडा कार्यलयबाट जम्मा भएको राजस्वको रकम प्रत्यक महिनाको पहिलो हप्ता भित्र बैंक दाखिला गर्ने गरेको देखिन्छ ।

यस परिवर्तन गाउँपालिकाले गत वर्ष संगठन र व्यवस्थापन सर्भेक्षण गरी पालिकाको संगठनिक संरचना र कार्यविवरण र जिम्मेवारी जस्ता विषयहरू तय गरेको छ । राजस्व प्रशासन इकाई लाई आर्थिक प्रशासनिक शाखा अन्तरगत रहने व्यवस्था गरेको छ । संगठन र व्यवस्थापन सर्भेक्षणले सिफारिस गरे अनुसार अझै व्यवस्थापन हुन वाँकी रहेको छ ।

## ४.२ गाउँपालिकाको राजस्व प्रशासन इकाईको कार्य जिम्मेवारी

यस संगठन र व्यवस्थापन सर्भेक्षण प्रतिवेदनले राजस्व प्रशासन इकाईको मुख्य जिम्मेवारी जवाफदेहिता लाई निम्न अनुसार व्यवस्था गरेको छ ।

- नीति तथा बजेट बिश्लेषण
- बैठक व्यवस्थापन र जनशक्ति व्यवस्थापन

- राजस्व असुली
- राजस्व ठेक्का
- प्रतिवेदन
- जवाफदेहिता

## ४.३ गाउँपालिकाको आ.ब.२०७९/८० मा राजस्व सम्बन्धि नीतिहरू

- राजस्व तथा कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण निर्माण गरिनेछ ।
- गाउँपालिकाको आन्तरीक स्रोत साधनको प्रभावकारी परिचालन गर्न करको दायराको विस्तार र राजस्व चुहावट लाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।
- गाउँपालिकाको राजस्व असुली कार्यलाई थप प्रभावकारी, वैज्ञानीक, यथार्थपरक र पारदर्शी बनाउन राजस्वको सफट्वेयरलाई थप व्यवस्थित गरिनेछ ।
- आन्तरिक राजस्वको अवस्था सुधारका लागि आ.व.२०७९/०८० मा राजस्व सुधार योजना निर्माण गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिमा योगदान गरे वापत योगदानका आधारमा करदातालाई पुरस्कृत तथा सम्मान गर्ने प्रणाली विकास गरिनेछ ।
- आन्तरिक आयमा आउने संकुचन र खर्चमा पर्न आउने थप चापलाई व्यवस्थापन गर्न आगामी वर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।

## ४.४ गाउँपालिकाको विगतको राजस्व संकलनको अवस्था

परिवर्तन गाउँपालिकाको विगत तीन वर्षको आन्तरिक आय शिर्षक अनुसार अध्ययन गर्दा आ.ब. २०७६/०७७ मा लेखा सुत्र प्रणालीमा ब्यवस्थित नभएको हुँदा एकमुष्ट मात्र अभिलेख देखिन्छ भने पछिल्ला दुई वर्षमा आन्तरिक आयका शिर्षकहरूमा आम्दानीको अभिलेख राखे पनि कर तथा गैर कर क्षेत्रहरूको शिर्षक र राजस्वका संकेतहरू अनुसार छुट्टाछुटै स्पष्ट सँग अभिलेख राखेको देखिदैन । विगत तीन वर्षको आन्तरिक आयको अध्ययन गर्दा आ.ब.२०७६/७७ मा रु३१७१४५२, आ.ब.२०७७/७८ मा रु ४१००९४४, आ.ब.२०७८/७९ मा रु ४७६०७२२ प्राप्त गरेको देखिन्छ । विगत तीन वर्षमा आन्तरिक आय वृद्धिहुँदै गएको देखिन्छ ।

*तालिका १३: विगत आ.ब.का यथार्थ आय (रु हजारमा ) तथा वृद्धिदर*

| राजस्व संकेत | आम्दानीका शिर्षक | आ.ब. २०७७/७८ | आ.ब. २०७८/७९ | वृद्धि दर | चालु आ.ब.को प्रस्तवित आय |
|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | | |
| ११३१४ | भुमिकर/मालपोत | १६७१ | १७११ | २.४० | ११०० |
| ११३२१ | वहाल कर | ० | ९० | यसै वर्षबाट शुरु | ४० |
| १४२४३ | सिफारिश दस्तुर | ६१७ | १०८५ | ४३.१० | ९०० |
| १४२२१ | न्यायिक दस्तुर | ० | ३५ | यसै वर्षबाट शुरु | १५ |

| राजस्व संकेत | आम्दानीका शिर्षक | आ.ब. २०७७/७८ | आ.ब. २०७८/७९ | वृद्धि दर | चालु आ.ब.को प्रस्तवित आय |
|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | | |
| १४२२४ | परीक्षा शुल्क | ० | १०० | यसै वर्षबाट शुरु | ० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता | २५८ | ८५ | -२०३.३० | १०० |
| १४२४५ | नाता प्रमाणित | २५५ | १२० | -११२.३० | १०० |
| १४२४९ | अन्य दस्तुर | १३०१ | ४५५ | -१८५.९० | १०० |
| १४२५३ | व्यावसाय रजिस्ट्रेसन दस्तुर | ० | १०० | यसै वर्षबाट शुरु | १०० |
| १४६११ | ब्यवसाय कर | ० | २०० | यसै वर्षबाट शुरु | २०० |
| ११६३१ | कृषि तथा पशुजन्य बस्तुको ब्यवसायमा लाग्नेकर | ० | ७५ | यसै वर्षबाट शुरु | ५० |
| ११६९१ | अन्य कर | ० | ५७५ | यसै वर्षबाट शुरु | ७९५ |
| १४२४२ | नक्सापास दस्तुर | | १३० | यसै वर्षबाट शुरु | १०० |
| | **जम्मा रु** | **४१०२** | **४७९०** | **१३.९०** | **३७००** |

## ४.५ आय संकलनको संस्थागत क्षमता

परिवर्तन गाउँपालिकाले संगठन र व्यवस्थापन सर्भेक्षण गर्ने कार्य सम्पन्न गरेको छ । प्रभावकारी राजस्व प्रशासनका लागि संगठनात्मक स्वरुप तयार भएपनि दरबन्दी अनुसारको व्यवस्थापन गर्ने कार्य बाँकी रहेको देखिन्छ । स्थलगत अवलोकन तथा गाउँपालिका अभिलेख र नीति कार्यक्रमहरूको आधारमा अध्ययन गर्दा गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छः

- राजस्व परामर्श समिति गठन तथा परिचालन भएको ।
- राजस्व सम्बन्धी कामकाजका लागि प्रशासनिक रुपमा राजस्व शाखा गठन भई काम गरिरहेको।
- वडा कार्यलयबाट सिफारिस दस्तुर ,पंञ्जीकरण,मालपोत जस्ता कर संकलन भएको पाईन्छ ।
- गाउँपालिकामा विद्यमान आय तथा ब्ययको तथ्याङ्कहरूका शाखागत रुपमा राखिएका अभिलेखहरूमा एकरुपता नहुँदा सुचना तथा तथ्याङ्कहरूको वैद्यताको प्रश्न देखिएको ।
- गाउँपालिकाको कर तथा गैरकर संग सम्बन्धित एकिन सुचना तथा तथ्याङ्कको अद्यावधिक नभएको ।
- संगठन र व्यवस्थापन सर्भेक्षण सम्पन्न गरेको त्यस अनुसार व्यवस्थापन गर्न बाँकी रहेको ।
- राजस्व संकलन कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरूमा कम्प्युटर विलिङ्ग तथा सफ्टवेयर अनलाईन विद्युतिय प्रणाली उपयोग गरिएको छ ।
- वडा कार्यालयहरूले संकलन गरेको रकम एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।

- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको।
- राजस्व परामर्श समितिलाई आवश्यक अभिमुखीकरण तथा सिकाई आदान प्रदान नभएको ।

## ४.६ राजस्व परिचालनमा रहेका सवालहरू

परिवर्तन गाउँपालिकाको संगठनिक संरचना, बस्तुगत विवरण, करदाताको अवस्था, राजस्व प्रसाशन र विगतको आन्तरिक आयको प्रवृत्ति जस्ता पक्षहरूको अध्ययन बाट यस गाउँपालिकाले राजस्व सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । राजस्व परिचालन सँग सम्बन्धित सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### क) कर संकलन सामर्थ्यको अभिवृद्धि

संविधान/कानुनद्वारा अख्तियारप्राप्त तथा गाउँपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका भूमीकर वा मालपोत, व्यवसाय कर, घरजग्गा बाहाल कर, जडीबुटी तथा कवाडि कर, नदीजन्य पदार्थ ढुङ्गा,रोडा बालुवा जस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैनन् । गाउँपालिकाले आन्तरिक आय वृद्धि गर्नका लागि हाल उठाउँदै गरेको मालपोत करलाई पुर्णरुपमा सम्पति करमा परिणत गर्नु पर्ने देखिन्छ । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

### ख) संगठनात्मक संरचना र कर्मचारी व्यवस्था

गाउँपालिकाको संगठन र व्यवस्थापन सर्भेक्षणले गाउँपालिकाका शाखा तथा ईकाईहरूको कार्यबोझ तथा कार्यसम्पादन जिम्मेवारी तय गरेता पनि सो अनुसार व्यवस्थापन गर्न बाकिरहेको देखिन्छ । संगठन र व्यवस्थापन सर्भेक्षणले गरेका सिफारिस अनुसार सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा कर्मचारी दरबन्दी स्वीकृत, आवश्यक कर्मचारी तथा समय समयमा तालिमको व्यवस्थापन गरि कार्यदक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### ग). तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

हाल गाउँपालिकामा भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

### घ) आर्थिक ऐनमा सुधार

गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनले गाउँपालिकाको क्षेत्राअधिकार भित्र पर्ने कतिपय शिर्षकमा दर र दायर समावेश गरेको देखिदैन । जस्तै राजस्वको संकेत अनुसार व्यवसाय कर र ब्यवसाय दर्ता दस्तुर फरक फरक भएपनि पालिकाको राजस्व शाखामा एउटै शिर्षकमा संकलन गरेको देखिन्छ । आर्थिक ऐनमा एकल अधिकारका क्षेत्रका संम्भावना भएका सम्पुर्ण शिर्षकहरूको दर तय गरिनु पर्दछ । स्थानीय सरकारका एकल अधिकार क्षेत्रभित्र पर्ने शिर्षकहरूको दर निर्धारण गरी करदाताहरूलाई दायरामा ल्याउनु आवश्यक देखिन्छ ।

### ङ) कार्यविधि तर्जुमा

आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी गाउँपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु पर्दछन् ।

### च) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व उप-शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । कर सँग सरोकारवाला संघ संस्थाहरू जस्तैः उद्योग बाणिज्य संघ, यातायात व्यवसायी संघ, स्कुल, सामुदायिक वन, वित्तिय संस्था आदि सँग समन्वय नहुँदा उक्त क्षेत्रबाट करहरू उठ्न सकिरहेको छैन । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

### छ) आन्तरिक आय अभिवृद्धि सम्बन्धी अभियान

गाउँपालिकाले करदाताहरूलाई कर तिर्नको लागि उत्प्रेरित गर्न विभिन्न किसिमका करदाता शिक्षा, अभिमुखिकरण, कर दायरमा ल्याउनको लागि घुम्ति सेवा प्रदान, प्रचारप्रसार तथा आन्तरिक आय वृद्धिका लागि सार्बजनिक नीजि साझेदारी करदाता प्रोत्साहन जस्ता कार्यक्रमहरू लागु गर्नु आवश्यक देखिन्छ।

### ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । पालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन्।

# परिच्छेद — पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

यसमा गाउँपालिकाको राजस्वसम्बन्धी अधिकार, करको दायरा, दररेट सम्बन्धी सरोकारवालाहरू संगको छलफल, कार्यशालामा भएको प्रस्तुत‍ीकरण र सुझाव संकलनका आधारमा राजस्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू तय गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई देहाय अनुसार निम्न तीन क्षेत्रमा विभाजन गरिएको छः

## ५.१ कर तथा गैरकर राजस्व सुधार योजना

*तालिका १४: कर राजस्व सुधार योजना*

| सुधारका क्षेत्रहरू | कर तथा गैरकर राजस्व सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| सम्पत्ति कर | • सम्पत्ति कर प्रभावकारी कार्यान्वयवका लागि सरोकारवालासंग थप अभिमुखीकरण तथा अन्तरक्रिया ।<br>• सम्पत्ति कर दररेट तथा स्थानीय सरोकार वालासँग छलफल एवं सम्पती कर कार्यविधि निर्माण । | २०८० असार मसान्त सम्म | गाउँ सभा<br>प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति |
| | • एकीकृतरुपमा राजस्व असुलीका लागि सफ्टवेयर अपग्रेडिंग र इ—पेमेन्ट सहितको अनलाइन विलिंग प्रणालीको स्थापना । | २०८०/०८१ सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व उपशाखा |
| | | | राजस्व उपशाखा<br>वडा कार्यलय |
| | • सम्पत्त‍िकरको असुल‍ी प्रकृया, दण्ड जरिवाना र प्राप्त करको सदुपयोग सम्वन्धमा जनचेतना तथा जानकारी । | २०८० असार मसान्त सम्म एक पटक र वार्षिक रुपमा निरन्तर | प्रमुख प्रशासकीय अधिकृत<br>वडा कार्यालय<br>राजस्व उपशाखा |
| | • सम्पत्ति कर असुलीको अवस्थाको बारेमा टोली बनाई वडा वडामा अनुगमन गर्ने । | निरन्तर | गाउँ कार्यपालिका<br>राजस्व परामर्श समिति |
| | • सम्पत्ति कर प्रभावकारी कार्यान्वयन भएका गाउँपालिका तथा नगरपालिकाहरूको अध्ययन अवलोकन भ्रमण तथा अनुभव साटासाट गर्ने। | २०८० असोज मसान्त सम्ममा | गाउँ कार्यपालिका<br>प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व उपशाखा |

| सुधारका क्षेत्रहरू | कर तथा गैरकर राजस्व सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| मालपोत | • वडागत रुपमा सम्पूर्ण जग्गाको वर्गीकरण अनुसार अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने । | २०८० असोज मसान्त सम्ममा | गाउँपालिका, राजस्व उपशाखा, वडा कार्यालय |
| | • जग्गाको वर्गीकरण अनुसार मालपोतको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने। | २०८०/०८१ सम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| | • मालपोत सङ्कलन गर्ने । | निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालय |
| व्यवसाय कर | • गाउँपालिका भित्र रहेका ब्यवसायीहरूको तथ्यांक अध्यावधिक गर्ने । | २०८० आषाढ मसान्त सम्म | राजस्व उपशाखा वडा कार्यालयहरू |
| | • ब्यवसायीहरूलाई कर सम्वन्धी सवै वडाहरूमा १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने।<br>• कृषि क्षेत्रमा काम गर्ने व्यवसायका लागि करका दरमा पुनरावलोकन गर्ने । | २०८० आषाढ मसान्तसम्म | राजस्व परामर्श समिति, वडा कार्यालयहरू |
| | • दर्ता नभएका ब्यवसायीलाई गाउँपालिकामा दर्ताकोलागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने । | | |
| | • निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने । | निरन्तर गाउँसभा | गाउँसभा प्रमुख प्रशासकीय अधिकृत |
| सवारी कर | • गाउँपालिका क्षेत्रमा रहेका साना सवारी (इ-रिक्सा, ठेला लगायत) को लगत संकलन गर्ने।<br>• दर्ता नवीकरणको प्रकृया अगाडी बढाई कर संकलन गर्ने ।<br>• अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकारसंग समन्वय अनुसार गर्ने । | २०८०/०८१ सम्म | राजस्व उपशाखा वडा कार्यालयहरू |
| घर बहाल कर | • गाउँपालिका भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ।<br>• घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित गर्ने ।<br>• बसोवास प्रयोजनको लागि दिइने घर वहाल कर असुलीको विशेष अभियान संचालन गर्ने र | आ.व.०८०/०८१ भित्र निरन्तर | राजस्व उपशाखा, वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरू | कर तथा गैरकर राजस्व सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| | अनुगमन गर्ने ।<br>• घरवहालको लागि स्वयंकर घोषणा पद्धति लागु गर्ने र घरजग्गा धनीबाटै कर असुली गर्ने व्यवस्थाका लागि कडाई गर्ने । | | |
